कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः २ सङ्ख्याः ३ प्रकाशन मितिः २०७७/०५/११

कार्यपालिकावाट स्वीकृत मिति २०७७/०५/०९

## भाग - २

## कनकाई नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०७७

**<u>प्रस्तावनाः</u>**

कनकाई नगरपालिकामा छिटो, छरितो, मितब्ययी, पारदर्शीरुपमा आर्थिक सहायता प्रदान गर्न, नगरपालिकाको कोषको सही सदुपयोग गरी गरिब, विपन्न, असहायहरु, विभिन्न रोगबाट पीडित तथा ग्रसित दीर्घरोगी, दुर्घटना परेको, ठुलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका आर्थिक अभाव भएका संघ संस्थाहरु व्यक्तिहरुको सहायताको लागि स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी कनकाई नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "कनकाई नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले कनकाई नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(च) " लाभग्राही" भन्नाले नगरपालिकामा बसोबास गर्ने विपन्न व्यक्ति, नगरपालिकामा बेवारिसे रुपमा फेला परेका व्यक्तिलाई समेत सम्झनु पर्छ ।

## परिच्छेद:-२

## आर्थिक सहायता सम्बन्धी मापदण्ड



कनकाई नगरपालिका

**३. मापदण्डः** नगरले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

१) <u>दुर्घटना :</u> नगरपालिका क्षेत्रमा कुनै ठुलो दुर्घटना भई अंगभंग भएका, हात खुट्टा भाच्चिएका, आखा फुटेका लगायतको समस्यामा परेका गरिबी र विपन्नता कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थामा भएको तथा तत्काल उद्दार एवं उपचार गराउनु पर्ने अवस्थामा **<u>१ हजार देखि १० हजार</u>** सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

२) <u>दीर्घरोग तथा अन्य उपचार :</u> नगरवासीहरु मध्ये दीर्घरोग (किड्नी फेल तथा डाईलोसिस गर्नु पर्ने अवस्था, मुटुको उपचार, क्यान्सर, ब्रेन ट्यूमर आदि) लागेको अवस्था भएको तथा गरिबी र विपन्नता कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी एक पटकको लागि **<u>१ हजार देखी १५ हजार</u>** सम्म उपलब्ध गराउन सकिने छ ।

३) <u>गरिव तथा असहाय :</u> यस नगरपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको आर्थिक अवस्था कमजोर भई सामाजिक जीवनयापन सहज बनाउन सहायता आवश्यक भएको, आर्थिक अभावले शिक्षामा वाधा परेको, एकघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई बेवारीसे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको, जेष्ठ नागरिक भत्ता नपाउने गरेको त्यस्ता असहायको अवस्था हेरी एक पटक सम्म मात्र **<u>रु. १ हजारदेखि १० हजार</u>** सम्म सहायता दिन सकिनेछ ।

४) <u>संघ संस्था :</u> यस नगरपालिकामा स्थापना भएका, दर्ता भएका, सूचीकृत भएका र नगरपालिकाको क्षेत्रको हीत अनुकुल हुने गरि संजाल र महासंघ प्रकृतिक संघ, संगठनले आयोजनामा गरेकासामाजिक कार्यहरुमा उपस्थित हुन आर् नगरपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरी सहकार्य गरिने छ । उक्त कार्यक्रमले नगरको पर्यटन प्रवर्द्धन, नगरको विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ ।

४.१) वडा, नगर स्तरका कार्यक्रममा प्रकृति हेरी एक पटक रु **. १ हजार देखि १० हजार** सम्म ।

४.२) जिल्ला स्तर वा सो भन्दा माथिका कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु. **५ हजार देखि रु. १५ हजार** सम्म ।

५. दाह संस्कार तथा काजकृयाः- यस नगरपालिका क्षेत्र भित्रका विपन्न नागरिकहरु तथा वेवारिसे अवस्थामा मृत फेला परेका मानिसहरुको काजकृया तथा दाह संस्कार गर्न रकम अभाव भएमा वडा कार्यालयको सिफारिसमा बढीमा रु १०,००० सम्म दिन सकिनेछ।

नोटः- बेवारीसे पुष्टी हुन अनिवार्य प्रहरी मुचुल्का हुनुपर्नेछ।

## परिच्छेद : ३

## आर्थिक सहायता भूक्तानी प्रकृया

४. **भुक्तानी प्रकृया :** आर्थिक सहायताको भूक्तानी प्रकृया देहाय बमोजिम हुनेछ ।

१) मानवीय सहयता : दफा ३ को उपदफा (१) (२) (३) (४) बमोजिमको आर्थिक सहायता माग गर्ने व्यक्तिले देहाय बमोजिमका कागजात साथै राखी नगरपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

क) नागरिकताको प्रतिलिपी (परिचय खुल्ने कागज भए पनि हुने), वडा कार्यालयको सिफारिस ।

ख) उपचारको हकमा अस्पतालले चेकजाँच गरेको कागजात समेत ।

ग) प्राकृतिक विपत्ति तथा विपद्को हकमा प्रहरी सर्जमिन मुचुल्का समेत ।

२) संघ/संगठनको हकमा आधिकारिक पत्र र कार्यक्रमको प्रोपोजल,



कनकाई नगर

३) उपदफा १ र २ बमोजिमका कागजात अध्ययन गरी दफा ३ को मापदण्ड अनुसार प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरप्रमुखको तोक आदेशमा नगरपालिकाबाट आर्थिक सहायता उपलब्ध गराउनुपर्नेछ । यसका लागि छुट्टै विल भर्पाई पेश गर्नुपर्ने छैन।

४) नगरवासीलाई दफा ३ बमोजिमको मापदण्ड अनुसारको सहायता न्यून हुने र सो भन्दा बढी सहायता उपलब्ध गराउन उपयुक्त हुने मनासिव कारण भएमा निजको निवेदन र प्रमाण समेत नगर कार्यपालिकाको बैठकमा पेश गरी निर्णय भए अनुसार आर्थिक सहायता उपलब्ध गराउनुपर्नेछ ।

**५. बचाउ** : यस कार्यविधि जारी गर्नु भन्दा पहिले नगरपालिकाबाट भएको आर्थिक सहायता यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले
रुद्रप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कनकाईराजपत्र